# अरुण गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
# प्याउली, भोजपुर

पत्र सं. ०७८/७९
च.नं. १२९५

१ नं. प्रदेश नेपाल
मितिः २०७८/११/४

**विषयः- दाबी विरोध गर्न आउने सम्बन्धी सूचना ।**

भोजपुर जिल्ला अरुण गाउँपालिका वडा नं. १, याङपाङ स्थित अध्यक्ष श्री गणेश प्रसाद गौतमको अध्यक्षतामा गठन भएको **लागुवा काभ्रे कुलो सिँचाई जल उपभोक्ता संस्था** अरुण गाउँपालिका वडा नं. १, याङपाङ, भोजपुरले अरुण गाउँपालिका वडा नं. २ र ३ को सिमानाको रुपमा रहेको लागुवा खोला मुहानबाट अरुण गाउँपालिका वडा नं. १ र २ का खेतीयोग्य जमिन सिँचाईका लागि योजना संचालन गर्न **लागुवा काभ्रे कुलो सिँचाई जल उपभोक्ता संस्था** अरुण गाउँपालिका १, याङपाङ, भोजपुरको नाममा मुल/मुहान दर्ता गर्नका लागि अरुण गाउँपालिका प्याउली, भोजपुरमा निवेदन दिएकाले सो निवेदन अनुसार उक्त योजना संचालन गर्दा र निज समितिको नाममा मुल/मुहान दर्ता गर्दा कोही, कसैको हक दाबी भए वा उल्लेखनीय प्रतिकुल असर पर्ने भएमा तत् सम्वन्धी विवरणहरु खुलाई यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र खानेपानी, सिचाई तथा जलउत्पन्न प्रकोप कार्यविधि २०७७ को परिच्छेद ३ , नियम १० को उपनियम ७ बमोजिम सम्वन्धित पक्ष/ब्यक्तिले दावि विरोधको लागि अरुण गाउँ कार्यपालिकाको कार्यालय प्याउली, भोजपुरमा निवेदन दिनुहुन यो सूचना प्रकाशित गरिएको छ । उक्त मितिभित्र दावि विरोध पर्न नआएमा पछि कुनै उजुर बाजुर नलाग्ने व्यहोरा समेत यसै सूचनाबाट सम्बन्धित सबैको जानकारीको लागि अनुरोध गरिन्छ ।

सूर्यबहादुर भण्डारी
प्रमुख प्रशासकीय अधिकृत